फोन नं. ०७९-५२०१५० ,
फोन/फ्याक्स नं: ५२०४५७

# रेसुङ्गा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तम्घास, गुल्मी
५ नम्बर प्रदेश, नेपाल

प.सं. ०७५/०७६
चलानी नं. Ref.No ४६४

मितिः२०७५/०८/२३

विषय : **विवरण उपलब्ध गराईदिने सम्वन्धमा ।**

श्री वडा कार्यालय सवै
रेसुङ्गा नगरपालिका, गुल्मी

प्रस्तुत विषयमा बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको च.नं. ७३५ मिति २०७५/०८/०७ को पत्रानुसार दलित, जनजाती लगायतका पिछडिएका घर परिवारलाई धुँवामुक्त घर कार्यक्रम अन्तर्गत Portable Metallic (यताउती सार्न मिल्ने) चुलो वितरण गर्न सकिने भनि पत्र प्राप्त भएकोले दाउरा मात्र प्रयोग गर्ने घरपरिवार छनौट गरि ३ (तिन) दिन भित्र आवश्यक कागजात संलग्न राखी अनिवार्य विवरण नगरपालिकाको कार्यालयमा उपलब्ध गराईदिनुहुन् अनुरोध छ । बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, ललितपुरको पत्र यसै साथ संलग्न छ ।

........................
भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

website: www.resungamun.goc.np
email : resungamunicipality2071@gmail.com

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति
# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

☎ ५५३९३९०, ५५३९२३७, ५५३९३९१
फ्याक्स: ९७७-१-५५४२३९७
पो.ब.नं. १४३६४, काठमाडौं
Web: www.aepc.gov.np
खुमलटार, ललितपुर

पत्र संख्या: 075/076
चलानी नं.: 632

मिति: २०७५।०८।०७

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रेसुङ्गा नगरपालिका
गुल्मी ।

विषय: दलितं, जनजाति लगायतका पिछडिएका घर परिवारलाई धुँवामुक्त घर कार्यक्रम अर्न्तगत Portable Metallic (यताउती सार्न मिल्ने) चुलो वितरण ।

उपरोक्त सम्बन्धमा यस वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्र द्वारा मिति २०७५/०४/११ को दैनिक पत्रिका अन्नपुर्ण पोष्टमा प्रकाशित सुचना दलित, जनजाति ~~जनजाति~~ लगायतका पिछडिएका घर परिवारलाई धुँवामुक्त घर कार्यक्रम अर्न्तगत Portable Metallic (यताउती सार्न मिल्ने) चुलो वितरणको लागी निवेदन आव्हन भए अनुसार त्यस जिल्लामा ४९० थान Natural Draft चुलो वितरण गर्न सकिने भनि केन्द्रको निर्णय भए अनुसार सो चुलोहरु वितरणका लागी दलित, जनजाति लगायतका पिछडिएका ४९० घर परिवारहरुको नामवली दाउरा मात्र प्रयोग गर्ने घरपरिवार छनौट गरि यस पत्रको मितिले १० दिन ( २०७५/०८/१७) भित्र आवश्यक सम्वन्वय गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ । चुलो प्राप्त गर्नको लागि अनिवार्य रुपमा नागरिकताको प्रतिलिपी अथवा मतदाता परिचय पत्र अथवा नेपाल सरकारले पहिचान गरेको विपन्न वर्ग, दलित, जनजाति एकल महिला को कार्ड हुनुपर्ने छ । चुलोको सदुपयोग हेतु दाउरा तथा जैविक ऊर्जा मात्र प्रयोग गर्नेहरुलाई प्राथमिकता दिनुहुन पनि यसै पत्रद्धारा अनुरोध गरिन्छ ।

(शुभ लक्ष्मी श्रेष्ठ)
वरिष्ठ प्रा. अधिकृत

श्री सूचना प्रविधि शाखा
सम्पूर्ण १४ वडा कार्यालयमा परिपत्र गरी ३ दिन भित्र नामनामेसी पेश गर्न अनुरोध गर्ने ।
८/२३